# आफ्नो बच्चासँग कुरा गर्दा तपाईंको आफ्नो मातृभाषा प्रयोग गर्नु महत्त्वपूर्ण छ। तपाईंको बच्चाले अर्थ बुझ्ने पछि अंग्रेजी शब्द सिक्न सक्छ।

## पढ्ने

आफ्नो बच्चालाई पुस्तकसँगैं अंगालो मारेर पढ्न शुरू गर्नुहोस् र उनीहरूलाई तस्वीरहरुको बारेमा बताउन लगाउनुहोस् । प्रत्येक पृष्ठमा रोचक चीजहरू याद गर्न प्रोत्साहन दिनुहोस्। के हुदैंछ र किन भन्ने प्रश्न सोध्नुहोस् र तपाई आफ्नो बच्चालाई चित्रहरूको अर्थ बुझ्न मद्दत गर्नेछ। यो पढ्नेको एक भाग हो।

चाँडै नें तपाईंको बच्चाले, फरक शब्दहरू प्रयोग गरेर तथा तिनीहरूले सोच्दै गरेको कुराहरू गरेर, कथाको सही समयमा पृष्ठहरू पल्टाउन थाल्न सक्छन्। महत्त्वपूर्ण रूपमा, जवान छोराछोरीहरू आमाबाबु, हेरचाहक वा अन्य परिवारका सदस्यहरूसँग समय बिताउन मन पराउछन, र सँगैं बसेर पढेर उनीहरूले पढ्न सक्ने क्षमताहरू विकास गर्नेछन्।

### तपाईंको बच्चासँग नियमित रूपमा पढेर समय बिताउनुहोस्

- लेबलहरूमा, जंकमेलमा, सुपरमार्केटमा र चिन्हहरूमा रहेको चित्रहरू पढेर आफ्नो बच्चालाई मद्दत गर्नुहोस् र जब उनीहरूले पुस्तक उठाउँछन् त्यसको पृष्ठहरू पल्टाईदिनुहोस् ।
- आफ्नो बच्चासँगैं रमाएर पढ्नु होस्, पुस्तकहरू आफैं पढ्न उत्साहित हुनुहोस्। जब तपाइँ अनलाइन पढ्नुहुन्छ, नक्साहरू हेर्नु हुन्छ, सूचीहरू बनाउनुहुन्छ वा कुन चिन्हबाट तपाईंलाई कसरी महत्त्वपूर्ण कुरा जान्दछ भन्ने बारे आफ्नो बच्चासँग कुरा गर्दा 'पढ्ने' शब्दको प्रयोग गर्नुहोस्।




## थप जानकारी

तपाईंको बच्चालाई साक्षरता सिक्न कसरी मद्दत गर्ने भन्ने बारे थप जानकारीको लागि हामीलाई भेट्नुहोस्।

**www.education.sa.gov.au/parenting/greatstart**

f EDU.SAGOV



Government of South Australia
Department for Education

Nepali / नेपाली

# GreatStart

संख्याविद्या तथा साक्षरताका लागि हरेक दिनको सिकाइ

# साक्षरता



**www.education.sa.gov.au/parenting/greatstart**

जन्मेदेखि 5 वर्षसम्मका बालबालिका भएका परिवारहरुका लागि वेबसाइट

Government of South Australia
Department for Education

# साक्षरता भनेको घटना, वस्तु, मानिसहरूको इशारा, चित्र, कला, फिल्म, शब्द, ध्वनि, लेखाई, संगीत वा नृत्यबाट अर्थ बुझ्ने वा अर्थ सिर्जना गर्न सक्ने क्षमता हो।

## शिशुहरु

तपाईको शिशुको साक्षरता जन्म देखि विकास भईरहको हुन्छ। शिशुले आफ्नो संसारको अन्वेषण हेराईले, छोएर तथा खेल मार्फत गरिरहेको हुन्छ। तपाईको शिशुले तपाईको आँखा हेरेर, अनुहारको अभिव्यक्ति हेरेर र तोते आवाज मार्फत संबाद गर्छ। जब तपाईको शिशुले तपाईको घरमा बोल्ने भाषा शब्दहरू, गीतहरू र कथाहरू सुन्छ, उनीहरूले ती शब्दहरूको अर्थ बुझ्न थाल्छ। । शिशुले बोल्न थाल्नु अघि नै शब्दहरू बुझेको हुन्छ।

### साक्षरता सिक्न प्रोत्साहन गर्न तपाईंले घरमा यी कुराहरू गर्न सक्नुहुन्छ।

- आफ्नो शिशुले निकालेको आवाजलाई कुराकानी रूपमा दोहोर्याउनुहोस्।
- पैंदल हिड्दा चीजहरू देखाउनुस्।
- गीत तथा अंकका राइम्सहरू गाउनुस् र संगीतको मजा लिनुहोस्।
- हरेक दिन सँगैं बसेर चित्रका पुस्तकहरु पढ्ने समय बनाउनुहोस्।
- किताबहरू आफ्नो शिशुले भेटाउने गरि राख्नुहोस्।
- तपाईको शिशुलाई तपाईले बुझेको देखाउनुहोस्।
  - शिशु - "दा"
  - तपाई - "मैंले तारा देखैं।"
- तपाईको क्रियाकलाप र भावहरूको नाम लिनुस् ताकि तपाईको शिशुले त्यसलाई शब्दसँग जोड्न सकुन्।
- वर्णन गर्ने शब्दहरुको प्रयोग गर्नुहोस्।
  - शिशु - "बिरालो"
  - तपाई - "एक ठूलो, कालो बिरालो।"
- नयाँ शब्दहरूमा जोड दिनुहोस्। "पुलमुनि"
- शिशु पुस्तकालय कार्यक्रममा सहभागी हुनुहोस्।

### थप GreatStart गतिविधि तर्कहरू

- Dressing your baby
- Splish splash I'm having a bath
- Getting ready for bed
- Feeding baby
- It's windy out there!
- Baby obstacle course



## बच्चाहरु (2 देखि 3 वर्षका)

तपाईको बच्चाको मस्तिष्क बढ्दैं गईरहेको र उनीहरूलाई धेरैं उत्सुक बनाउछ। तपाईको बच्चालाई उनीहरू वरिपरि के छ चेतना गराउनुहोस् र यसले उनीहरूलाई सोचाइमा सहयोग पुराउँछ। तपाईको बच्चाले रेखाचित्र कोरेर, कलाकृति सिर्जना गरेर, रचना निर्माण गरेर वा खेल नाटक रमाएर उनीहरूले आफ्नो सोच देखाउन थाल्छ र आफूलाई व्यक्त गर्न थाल्छ। तपाईको बच्चाले व्यक्त गरेको सोचहरूमा चासो देखाउँदा उनीहरूमा संबाद गर्न आत्मविश्वास बढाउन मद्दत गर्छ।

### साक्षरता सिक्न प्रोत्साहन गर्न तपाईंले घरमा यी कुराहरू गर्न सक्नुहुन्छ।

- सँगैं कुरा गर्न समय निकाल्नुहोस्।
- गीतहरू गाउनुहोस् ('रिंग अ रिंग अई रोजेज्', 'ईन्सी, विन्सी स्पाइडर')
- हो वा हैंन भन्दा बढी जवाफ आउने प्रश्नहरू प्रयोग गर्नुहोस्। "तपाईंले के देखु सक्छ?" बच्चालाई जवाफ सोच्नका लागि समय दिनुहोस्।
- शब्दजालको मजा लिनुहोस्, जस्तैं "सि यु लेटर आलिगेटर"
- हेरक दिन किताबहरू पढ्न सँगैं अंगालो मार्नुहोस्। अब पछि के हुनहोला भन्ने छनकहरू खोज्न तस्बिरमा हेर्नुहोस्।
- नुहाउने समयमा / सुत्ने बेलामा उनीहरूको खेलौंनाहरूको कथाहरू बनाउनुहोस्।
- आफ्नो बच्चाले आईप्याड वा टिभी हेर्ने समय सीमित राख्नुहोस्, बच्चाहरुले खेल मार्फत राम्ररी सिक्छ।
- बाहिरी आवाजहरू याद गर्नुहोस् - चरा, विमान, पात, पानी, हावा।
- 'संकेत' चिन्हहरू याद गर्नुहोस्, जस्तैं स्टप संकेतमा रहेको 'एस'।

### थप GreatStart गतिविधि तर्कहरू

- Movin', Grovin' with rhymes
- Reading together
- Is it bin night?
- Setting the table
- Climbing up, up, up to the sky
- Storytelling stones



## पूर्वविद्यार्थी (3 देखि 5 वर्षका)

तपाईको बच्चाले तपाईबाट जे सिकेका छन् त्यसलाई उनीहरूले अरूसँग खेल्दा प्रयोग गरिरहेको हुन्छ। उनीहरूले कुराकानी, कलाकृति, बनावट, नृत्य तथा खेल नाटक मार्फत आफ्नो सोचाइ ब्यक्त गर्न सक्छ। उनीहरूले शब्द, पुस्तक, संगीत, संकेत, नृत्य, केही पाठ वा संख्याहरूबाट र प्रविधि प्रयोग गरेर अर्थ बुझिरहेको हुन सक्छ। तपाईको बच्चाले भन्न खोजेको कुरामा आफुले चासो देखाउँदा उनीहरूलाई थप कुराकानी गर्ने चाहना बढाउन मद्दत गर्नेछ!

### साक्षरता सिक्न प्रोत्साहन गर्न तपाईंले घरमा यी कुराहरू गर्न सक्नुहुन्छ।

- सँगैं क्रियाकलापहरू गर्न समय निकाल्नुहोस्। बनभोज जानुहोस् र बिभिन्न चिजहरू संकलन गर्नुहोस् तथा दृश्यहरू, सुगन्ध तथा आवाजहरू चाल पाउनुहोस् ।
- सम्झनाहरु बारेमा कुरा गर्नु होस् ... "याद छ जब..."
- तपाईको बच्चाले बनाउँदै गरेको चिज बारे उनीहरूले बताउदैं गरेको कुरा सुन्नुहोस्। वास्तविक देखिनु भन्दा उनीहरुले आफ्नो कल्पना प्रयोग गरेको ज्यादें महत्त्वपूर्ण हुन्छ।
- सँगैं खेल नाटक खेलेको मजा लिनुहोस्। तपाईको बच्चाले आमा वा बुबा भएर खेलेको बहाना गर्न सक्छ।
- तपाईको बच्चालाई मनपर्ने किताब बारम्बार पढ्नुहोस् ताकि उनीहरूले स्मरण गरेर पढ्न सकुन्।
- तपाईको बच्चालाई उनीहरू वरिपरि रहेको संख्या, आकार, अबस्था, दूरी, आकार र चिन्दहरू याद गर्न सहायता गर्नुहोस्, जस्तैं नक्सा, संकेत, खानाका आकारहरू
- रचनात्मकता प्रोत्साहन गर्ने आईप्याड गतिविधिहरु छान्नुहोस्।

### थप GreatStart गतिविधि तर्कहरू

- The paper's here
- But why?
- Making marks
- What does that say?
- How many are in there?
- Make your own books

